नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर

## प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/११/२६ गते

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी आयोजना गर्नका लागि १५ वटा व्यवसायहरू छनौट गर्नुपर्ने भएको हुनाले सम्बन्धित प्रदेशभित्र सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गरिरहेका १६ वर्ष पूरा गरी ४० वर्ष ननाघेका (आवेदन दिने अन्तिम दिनसम्म । युवा व्यवसायीहरूले २०८२।१२।०७ गतेसम्म यस कार्यालयको WebsiteM https://www.nyc.gov.np/ मा उल्लिखित Online form Portal system मा आवेदन गर्नुहुन सूचित गरिन्छ । प्रदर्शनीमा सहभागी हुने १५ वटा व्यवसायीहरूलाई स्टल व्यवस्थापन बापत प्रति स्टल रू.१०,००० (दश हजार) र प्रदर्शनीमा सहभागी १५ वटा व्यवसायीहरूमध्ये उत्कृष्ट भएका प्रथम, द्वितीय, तृतीय र सान्त्वना २ वटालाई क्रमश: ४० हजार, ३० हजार, २० हजार र १०/१० हजारका दरले प्रोत्साहन रकम प्रदान गरिनेछ ।

### तपसिल

**कार्यक्रमको नाम:** युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी, २०८२ ।

**आवेदन गर्नुपर्ने अन्तिम मिति:** २०८२।१२।०७ गते शनिबार रातको १२:०० बजेसम्म ।

**कार्यक्रम हुने स्थान:** कोशी प्रदेशको विराटनगरमा मिति २०८२।१२।२२ गते र मधेश प्रदेशको वीरगञ्जमा मिति २०८२।१२।३० गते ।

**सम्पर्क फोन नं.** ९८६३४६५५५६ (जानकारीका लागि), ९८४९३२५००९ ( IT Support का लागि) ।